**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख ११ गते**

प्रदेश १ मा वैशाख ११ गतेसम्म थप एक जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । उदयपुर त्रियुगा नगरपालिका-३ की ४५ वर्षीया एक महिलामा कोरोना सङ्क्रमण पुष्टी भएको वैशाख ११ गते नेपाल सरकारले जनाएको छ । यो सँगै जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या २५ पुगेको छ । उदयपुरका २५ जना र विराटनगरका चार जना गरी प्रदेश १ मा २९ जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । उनीहरू सबैको विराटनगरस्थित अस्थायी कोराना अस्पतालमा उपचार भईरहेको प्रदेश १ को सामाजिक विकास मन्त्रालयले जनाएको छ । कोरोना भाइरस प्रभावितको अवस्था र यसबाट सृजित समस्या बुझ्न् विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का प्रतिनिधि डा. राजन पटेल वैशाख ११ गते उदयपुर आउनु भएको छ । वैशाख ११ गते स्वास्थ्य सेवा विभाग टेकुका इडिसिडीका प्रतिनिधि लिलाविक्रम थापा, प्रदीप रिमाल, पशुसेवा विभागका डा.सृजन रानाको टोलीले प्रभावित क्षेत्र त्रियुगा नगरपालिका ३ भुल्केमा स्थलगत अनुगमन गरेको छ । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरे वैशाख ११ गते उदयपुरको त्रियुगा नगरपालिका-३ स्थित भुल्के क्षेत्रको अनुगमन गर्नुभएको छ । मन्त्री घिमिरेले सङ्क्रमणपछिको अवस्था, रोकथाम, नियन्त्रणका प्रयास, स्थानीयका समस्या लगायतका समग्र जिल्लाको अवस्थाका बारेमा सरोकारवालासँग छलफल गुर्न भएको छ । अढाई घण्टा लामो छलफलमा मन्त्री घिमिरेलाई जनप्रतिनिधि, प्रशासन, सुरक्षा निकाय र स्वास्थ्यकर्मीसहितका ११ जनाले जिल्लाको विकसित घटनाक्रमका बारेमा जानकारी गराएका थिए । छलफलका क्रममा मन्त्री घिमिरले उदयपुरमा कोरोनो उपचार केन्द्र बनाउनका लागि एक करोड रूपियाँ विनियोजन भईसकेकाले तत्काल प्रक्रिया अघि बढाउन अस्पताल विकास समितिलाई निर्देशन दिनुभएको छ । प्रदेश १ मा वैशाख ११ गतेसम्म पीसीआर र आरडीटी विधिबाट ४ हजार ८ सय बढीको परीक्षण गरिएको छ । पीसीआर विधिबाट ८ सय ८४ जना र आरडीटी विधिबाट ३ हजार ९ सय २९ जना गरी ४ हजार ८ सय १३ जनाको परीक्षण गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा कोरोना भाइरस शङ्कास्पद ८ सय ८४ जनाको परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये २९ जनामा कोरोना पोजेटिभ रिपोर्ट आएको छ । ८० जना महिला र ४ सय ८० पुरूषसहित ५ सय ६० जनाको कोरोना नेगेटिभ रिपोर्ट आएको छ । २ सय ९६ जनाको रिपोर्ट आउन बाँकी रहेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । आरडीटी विधिबाट वैशाख ११ गतेसम्म ३ हजार ९ सय २९ जनाको एण्टीवडी परीक्षण गरिएको छ । आरडीटी परीक्षणमा दश जनाको पोजेटिभ रिपोर्ट आएको छ । ६ सय २३ जना महिलासहित ३ हजार २ सय ९६ जना पुरूषको एण्टीवडी नेगेटिभ आएको छ । प्रदेश १ मा ४ हजार ८ सय ९ जना अट्ने क्षमताको क्वारेन्टाइन निर्माण गरेको छ । २६ ओटा क्वारेन्टाइन वेड थपिएको छ । प्रदेश १ मा आईसोलेसनमा बस्नेको सङ्ख्या ३० पुगेको छ । होमक्वारेन्टाइनमा बस्नेको सङ्ख्या ४ हजार ९ सय १० जना पुगेको छ । होमक्वारेन्टाइनमा ७ सय ९४ जना महिला र ४ हजार १ सय १६ जना पुरूष रहेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । उदयपुरको चौदण्डीगढी नगरपालिकाको शिवाहीबाट ७८ जनाको स्वाव सङ्कलन गरी विराटनगर ल्याइएको छ । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरे नेतृत्वमा वैशाख ११ गते उदयपुर गएको स्वास्थ्यकर्मी सहितको टोलीले स्वाव सङ्कलन गरी कोशी अस्पताल विराटनगर ल्याएको हो । उदयपुरको त्रियुगा नगरपालिका -३ को भुल्केको नुरी मस्जिदमा बसेका जमातीमा यसअघि कोरोना सङ्क्रमण देखिएको थियो । उनीहरू अहिले कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रमा उपचाररत रहेका छन् ।

प्रदेश सरकारले विराटनगर महानगरपालिका-१० मा कोरोना सङ्क्रमितका लागि कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र निर्माण गरेको छ । उपचार केन्द्रमा अहिले २९ जना सङ्क्रमित उपचाररत छन् । सो अस्पताल ५० वेड क्षमताको रहेको छ । प्रदेश सरकारले सुनसरी धरानको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि संक्रमितको उपचारको व्यवस्था गरेको छ । वीपीमा ३ सय वेडको तयारी भईरहेको सामाजिक विकास मन्त्री घिमिरेले बताउनुभयो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका** अनुसार ०७७ वैशाख ११ गतेसम्म मोरङमा १ सय ८५ जना पुरूष र २१ जना महिला गरी २ सय ६ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । टाँडी आर्मी क्याम्पमा १ सय ५६, घिनाघाट प्राथमिक स्वास्थ्य केन्द्र विराटनगरमा २३, दुर्गा मावि जहदामा २, कर्सीया स्वास्थ्य केन्द्र धनपालथानमा १, अमरदह प्राथमिक स्वास्थ्यक केन्द्र सुनवर्षीमा ८, रंगेली अस्पतालमा ४, मधुग्राम आधारभुत विद्यालय बुढीगंगामा ११ र प्राथमिक स्वास्थ्य केन्द्र केरावारीमा एक जना राखिएको  मोरङ प्रहरीका डिएसपी मानवहादुर राईले बताउनुभयो । मोरङमा ६ सय ९३ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ ।
मोरङमा वैशाख ११ गतेसम्म आईसोलेशनमा ५५ जना भर्ना भएका छन् । कोशी अस्पतालमा २४, कोभिड १९ उपचार केन्द्रमा २८ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा  १ सय २७ ओटा आईसोलेसन वेड तयार गरिएको छ । मोरङमा वैशाख ११ गतेसम्म १ हजार १ सय ९२ जना पुरूष र २ सय ५१ जना महिला गरी १ हजार ४ सय ४० जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा १ सय २९ जनाको स्वाब परीक्षण गरिएकोमा १ सय २७ जनाको रिपोर्ट नेगेटिभ आएको छ । दुई जनाको रिपोर्ट आउन बाँकी छ । मोरङमा वैशाख ११ गते सम्म ६ सय ६२ जनाको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । १ जनाको रिपोर्ट पोजेटिभ आएको छ । ६ सय ६१ को आरडिटी रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय मोरङका प्रमुख ज्ञानवहादुर वस्नेतले बताउनुभयो ।
मोरङको सुन्दरहरैंचामा लुकीछिपी बस्दै आएका तीनजना भारतीय नागरिकलाई नियन्त्रणमा लिएर पूर्वाञ्चल विश्वविद्यालयस्थित शिक्षण अस्पतालको क्वारेन्टाइनमा लगिएको छ । सुन्दरहरैंचा-९ मा कवाडीको काम गर्दै आएका व्यक्तिहरूसँग तीन जना अपरिचित व्यक्ति केहि दिनदेखि लुकिछिपि बस्दै आएको थाहा पाएका स्थानीयले प्रहरीलाई खबर गरेपछि प्रहरी र नगरपालिकाको पहलमा आवश्यक चेकजाँचका लागि पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँस्थित शिक्षण अस्पतालको क्वारेन्टाइनमा लगिएको हो । उनीहरू सबै भारतको बङ्गालका मुस्लिम समुदायका हुन् । नियन्त्रणमा लिइएकाहरूमा भारतको बङ्गालका ३८ वर्षीय साइदुल विश्वास, ४० वर्षीय बच्चु शेख र ४० वर्षीय आशिष खान रहेको उहाँले जानकारी दिनुभयो । शिक्षण अस्पतालका डाइरेक्टर विपेश आचार्यले तीनै जनाको स्वास्थ्य अवस्था सामान्य रहेकाले नगरपालिकासँग समन्वय गरेर उनीहरूलाई कहाँ पठाउने भन्ने विषयमा निर्णय लिइने जानकारी दिनुभयो ।

कोशी अस्पताल विराटनगरलाई पिपिइ सामग्री हस्तान्तरण गरिएको छ । आवासीय नेपाल संघ राष्ट्रिय समन्वय परिषदले अस्पतालकी मेडिकल सुपरिटेन्डेन डा. संगीता मिश्रालाई उक्त सामग्री हस्तान्तरण गरेको हो । आवासीय नेपाल संघ राष्ट्रिय समन्वय परिषद्ले नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाको उपस्थितिमा अस्पताललाई करिब ६० हजार रूपैयाँ बराबरको २० थान पीपीइ  हस्तान्तरण गरेको परिषदका महासचिव निश्चल दाहालले जानकारी दिनुभयो ।

**उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार वैशाख ११ गते जिल्लामा थप एक जनामा कोरोना सङ्क्रम पुष्टी भएको छ । त्रियुगा नगरपालिका-३ भुल्के क्षेत्रकी ४५ वर्षीया महिलामा कोरोना सङ्क्रम पुष्टी भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख ११ गते जनाएको छ । यो सँगै जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या २५ पुगेको छ । उदयपुरका २५ जना र विराटनगरका चार जना गरी प्रदेश १ मा २९ जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । उनीहरू सबैको विराटनगरस्थित अस्थायी कोराना अस्पतालमा उपचार भईरहेको प्रदेश १ को सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
कोरोना भाइरस प्रभावितको अवस्था र यसबाट सृजित समस्या बुझ्न् विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का प्रतिनिधि डा. राजन पटेल वैशाख ११ गते उदयपुर आउनु भएको छ ।
वैशाख ११ गते स्वास्थ्य सेवा विभाग टेकुका इडिसिडीका प्रतिनिधि लिलाविक्रम थापा, प्रदीप रिमाल, पशुसेवा विभागका डा.सृजन रानाको टोलीले प्रभावित क्षेत्र त्रियुगा नगरपालिका ३ भुल्केमा स्थलगत अनुगमन गरेको छ ।
टोलीले सङ्क्रमणको अनुसन्धात्मक विश्लेषण गर्दै अबको रणनीति कस्तो हुने भन्ने बिषयमा नेपाल सरकारको कोरोना नियन्त्रण सम्बन्धी उच्चस्तरीय संयन्त्रलाई सुझाव पेश गर्ने बताइएको छ । टोलीका सदस्य स्वास्थ्य विभागका प्रतिनिधि लिलाविक्रम थापाले कोरोना कहाँ र कसरी भित्रियो, त्यसपछिको अवस्था के छ, सङ्क्रमण कुन तहमा जाँदैछ, कसरी फैन्लदैछ भन्ने बिषयमा विश्लेषण गरिने बताउनुभयो । उहाँले भन्नुभयो ‘पहिलो चरणमा सङ्क्रमित व्यक्तिको घरमै गई परिवारसँग डव्लुएचओका प्रतिनिधिले कोरोना कहाँ, कसरी, थप को-को सँग भेटघाट भयो, अहिलेको अवस्था के छ भन्ने बिषयमा छ छलफल भएको छ, अब पछि निचोड निकाल्छौ ।
‘संयुक्तरूपमा अवस्था विश्लेषणपछि दोस्रो चरणमा रहेको कोरोना तेस्रो चरणमा प्रवेश गर्ने अवस्था भए नभएको निर्ष्कष निकाल्छौ, थापाले भन्नुभयो । टोलीले दुई दिनसम्म बसेर छलफल गर्ने जनाएको छ ।
प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरे वैशाख ११ गते उदयपुरको त्रियुगा नगरपालिका-३ स्थित भुल्के क्षेत्रको अनुगमन गर्नुभएको छ । मन्त्री घिमिरेले सङ्क्रमणपछिको अवस्था, रोकथाम, नियन्त्रणका प्रयास, स्थानीयका समस्या लगायतका समग्र जिल्लाको अवस्थाका बारेमा सरोकारवालासँग छलफल गुर्न भएको छ । अढाई घण्टा लामो छलफलमा मन्त्री घिमिरेलाई जनप्रतिनिधि, प्रशासन, सुरक्षा निकाय र स्वास्थ्यकर्मीसहितका ११ जनाले जिल्लाको विकसित घटनाक्रमका बारेमा जानकारी गराएका थिए । छलफलका क्रममा मन्त्री घिमिरले उदयपुरमा कोरोनो उपचार केन्द्र बनाउनका लागि एक करोड रुपियाँ विनियोजन भईसकेकाले तत्काल प्रक्रिया अघि बढाउन अस्पताल विकास समितिलाई निर्देशन दिनुभएको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार षडानन्द नगरपालिका-१४ वोयाको महेन्द्र माध्यमिक विद्यालयमा वडा कार्यालयले निर्माण गरेको क्वारेन्टाइन मापदण्ड विपरीत रहेको अनुगमनको क्रममा फेला परेको छ । वैशाख ११ गते गरिएको अनुगमनको क्रममा  लापरबाही रूपमा क्वारेन्टाइन निर्माण गरेको फेला परेको भोजपुरका प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले जानकारी दिनुभयो । जुन स्थानको क्वारेन्टाइनमा १८ जनालाई अपराधी झै राखिएको फेला परेको उहाँले बताउनुभयो । प्रजिअ पुरीले भन्नुभयो,‘ हामीले सबै स्थानीय तहमा निर्माण भएका क्वारेन्टाइनको स्थलगत अनुगमन गरिरहेका छौं, केही स्थानीय तह बाहेक अन्यले निर्माण गरेका क्वारेन्टाइन वेड मापडण्ड विपरीत बनेका छन्, कतिपय स्थानीय तहले काठको फल्याकमा एउटा प्लाष्टिकको म्याटमा तन्दा राखेर बेड बनाएको पनि पाइयो, यसले झन् अन्य रोगको सङ्क्रमण फैलिने भएकोले त्यस्ता क्वारेन्टाइनलाई सुधार गर्न

निर्देशन दिएका छौ ।' नगरपालिकाले सहयोग नगर्दा तत्कालको समस्या समाधानका लागि यस्तो क्वारेन्टाइन निर्माण गर्न बाध्य भएको वडा कार्यालयले जानकारी दिएको छ ।
जिल्लामा कोरोना भाइरस फैलिन नदिन ११ ओटा निर्णय गरिएको छ । बैठकले स्थानीय तहहरूले निर्माण गरेका मापदण्ड विपरीतका क्वारेन्टाइनलाई व्यवस्थित गरी पालिका केन्द्रमा सञ्चालन गर्ने, राहत वितरण कार्यलाई मापदण्ड र आवश्यकता अनुसार व्यवस्थित गरी सम्वन्धित स्थानीय सरकारले वितरण गर्ने, बाहिर रहेका मानिसहरुलाई उनीहरू रहेकै ठाउँमा बस्ने व्यवस्था मिलाउने, आ-आफ्नो वडा बाहिर रहेका नागरिकको तथ्याङ्क संकलन गरी प्रदेश र केन्द्र सरकारलाई अनुरोध गर्ने, विभिन्न स्थानीय तहका सिमा तथा नाकामा बसेका नागरिकलाई सम्वन्धित स्थानीय तहले चाहेमा प्रवेश गराई निमय अनुसार क्वारेन्टाइनमा राख्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले जानकारी दिनुभयो ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङका** अनुसार वैशाख ११ गतेसम्म जिल्लामा १ सय १३ जनामा गरिएको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) रिपोर्ट नेगेटिभ आएको छ । वैशाख ११ गते मिक्वाखोला गाउँपालिका-५,पापुङमा १७ जनाको आरडीटी परीक्षण गरिएको छ । वैशाख १० गते जिल्ला अस्पतालमा आरडीटी गरिएका चार जनाको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख ९ गते पाथीभरा याङवरक गाउँपालिका-६ थुम्बेदिनमा चार जनाको परीक्षण गरिएको थियो । वैशाख ८ गते सिरीजंघा गाउँपालिकामा आठ जना,मिक्वाखोला गाउँपालिका-३ लिवाङमा पाँच जनाको गरिएको थियो । आठराई त्रिवेणी गाउँपालिकामा वैशाख ७ गते १२ जना र फुङलिङ नगरपालिकास्थित जिल्ला अस्पतालमा एक जनामा परीक्षण गरिएसँगै परीक्षण संख्या ७४ पुगेको छ । जिल्लामा १ सय ७९ वेड क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । १४ वेडको आइसोलेशन कक्ष बनेको छ ।
काठमाडौमा रहेका जिल्लाबासीलाई वैशाख ११ गते नाइट बसमा काठमाडौबाट ताप्लेजुङ पठाइने भएको छ । ताप्लेजुङ सरोकार केन्द्र-काठमाडौको सहजीकरणमा ६ सय ५० जनालाई ताप्लेजुङ पठाइने तयारी भएको छ । ताप्लेजुङ आउनेका लागि २ दर्जन बढी बस व्यवस्थापन गरिएको केन्द्रका अध्यक्ष चित्रगुप्ता साँवाले जानकरी दिनुभयो । बसमा आएकालाई सम्बन्धित स्थानीय तहमा पठाउने तयारी छ । काठमाडौबाट बसमा आएको भाडा सम्बन्धित स्थानीय तहले बेहोर्ने निर्णय गरेका छन् । नौ ओटा स्थानीय तहमध्ये फक्ताङलुङ गाउँपालिका,सिदिङ्मा गाउँपालिका,मिक्वाखोला गाउँपालिका,आठराई त्रिवेणी गाउँपालिका र पाथीभरा याङवरक गाउँपालिकाले आफ्नो पालिकाका नागरिकको भाडा बेहोर्ने निर्णय गरेको हो ।
फुङलिङ नगरपालिकास्थित ११ ओटा वडाका सचिवले वैशाख ११ गते ५० हजार रुपियाँ राहत कोषमा सहयोग गरेका छन् ।
सिरीजंघा गाउँपालिकाको् वैशाख ११ गते बसेको कार्यपालिका बैठकले राहत वितरणको खर्च पारित गरेको छ । गाउँपालिकाले २१ लाख २७ हजार ८ सय ८ रुपियाँ राहत वितरण गरेको निर्णय पारित गरेको गाउँपालिकाका प्रवक्ता लालकृष्ण चौहानद्धारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ११ गते सङ्खुवासभा विभिन्न स्थानका ३८ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । ११ गते जिल्ला अस्पताल खाँदबारीमा २० जना महिला र ११ पुरूषले ज्वरो क्लिनिकमा जाँच गराएका छन् । हालसम्म ९७ जनाको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको छ । र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको सबै जनाकै रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रबक्ता रोशन श्रेष्ठले बताउनु भयो ।

अहिलेसम्म २० खाँदबारी अस्पताल दश वेड ,तुम्लिङटार पाँच वेड, सिलिचोङ गाउँपालिका दुई वेड, मकालुमा वेड एक वेड, पाँचखपन नगरपालिकाको वानामा दुई वेड आइसोलेशन तयारी अवस्थामा राखिएको छ । क्वारेनटाइन खाँदबारी नगरपालिका ५० वेड, पाँचखपन नगरपालिका दश वेड,चैनपुर नगरपालिका  दश वेड,धर्मदेवि नगरपालिका दश वेड, भोटखोला गाउँपालिका चार वेड, सभापोखरी गाउँपालिका आठ वेड, चिचिला गाउँपालिका १५ वेड , मकालु गाउँपालिका चार वेड, र सिलिचोङ गाउँपालिकामा दश वेड सहित जम्मा १ सय २७ जनाको क्षमताको क्वारेनटाइन निर्माण गरिएको छ ।
कोरोनासँग जुध्न सङ्घीय सांसद  राजेन्द्र गौतमले सङ्खुवासभा जिल्लामा कोरोना भाइरस रोकथाम,नियन्त्रण तथा उपचारमा खटिने स्वास्थ्यकर्मीका लागि स्वास्थ्य सामग्री सहयोग गर्नु भएको छ ।वैशाख ११ गते सांसद गौतमले ७ हजार थान सर्जिकल माक्स,६० थान एन ९५ माक्स ,८४ थान पीपीई सेट, २२ लिटर सेनिटाइजर, २५० थान ग्लोब्स, ४० थान चस्मा र ४० थान गाउन उपलब्ध गराउनु भएको छ ।
प्रदेश १ सरकारले जिल्ला अस्पताललाई वैशाख ११ गते ५ सय थान ग्लोब्स, २ सय थान सर्जिकल माक्स, २ थान थर्मेलगन उपलब्ध गराएको छ । स्वास्थ्य कार्यालयलाई ५ थान थर्मेलगन,५ सय ग्लोब्स,३ सय सर्जिकल माक्स, २५ थान पिपिई सेट, ५० थान किट उपलब्ध गराएको सामाजिक विकास मन्त्रालयकी सभापति सरिता थापा खड्काले जानकारी दिनु भयो ।
खाँदबारी नगरपालिका-१ मा मजदूरी गर्ने एक सय विपन्न परिवारहरुलाई राहत वितरण गरिएको छ । हिमाली पहुँच केन्द्र नामक संस्थाले एक सय परिवारहरुलाई खाद्यान्न वितरण गरेको हो । प्रतिपरिवार २५ केजी चामाल, १ केजी नुन, १ केजी दाल, १ लिटर तेल र १ लिटर न्यूटेला वितरण गरेको हो ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार जिल्ला समन्वय समितिले इलामबाट काम वा अन्य कुनै सिलसिलामा बाहिरी जिल्ला गएका व्यक्तिको तथ्याङ्क कार्यालयमा पठाउन आग्रह गरेको छ । जिससले जिल्लाका १० ओटै स्थानीय तहलाई पत्र लेखेर उदयपुरबाहेकका जिल्लामा बसोबास गरी जिल्ला फर्किन चाहने आफ्नो क्षेत्रका व्यक्तिको विवरण पठाउन भनेको हो ।
इलाम सदरमुकामको इलाम अस्पतालमा दुई वेड र जिल्ला समन्वय समितिको नयाँ भवनमा ११ वेडको आइसोलेशन तयारी अवस्थामा छ । तर, अहिलेसम्म यहाँ कसैलाई राख्नु नपरेको जिससले जनाएको छ । माइजोगमाई गाउँपालिकामा १ सयजना क्षमताको क्वारेन्टाइन तयार गरिएको छ । क्राइसिस मेनेजमेन्ट कमिटीको बैठले जिल्लाका २ सय ४७ जना क्षमताको क्वारेन्टाइनलाई थप ८ सय ८० जना क्षमताको बढाउने निर्णय गरेको थियो । माइजोगमाईमा थपिएकोसँगै अहिले जिल्लामा क्वारेन्टाइनको क्षमता ३ सय ४७ पुगेको छ ।
माईखोलामा निर्माण भएको सानिमा माई जलविद्युत् आयोजनाले माई नगरपालिकालाई दुई थान थर्मल गन र २५ थान पिपिई प्रदान गरेको छ । राष्ट्रिय वन पैदावर व्यवसायी संघले देउमाई नगरपालिकाको विपद् व्यवस्थापन कोषमा नगद २० हजार रुपियाँ र दुई थान पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पीपीई) सहयोग गरेको छ । संघले फाकफोकथुम गाउँपालिकालाई पनि नगद १५ हजार र २ थान पिपिई सेट प्रदान गरेको गाउँपालिका उपाध्यक्ष सरस्वती राईले जानकारी दिनुभयो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ११ गते २२ जना महिला र ५७ जना पुरूष गरी जम्मा ७९ जनालाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा राखिएका एक जना पुरूषलाई घर पठाइएको छ । पीसीआर परीक्षणका लागि एक जनाको स्वाब कोशी अञ्चल अस्पताल विराटनगर पठाइएकोमा नजिता आउन बाँकी छ । जिल्ला अस्पतालमा ६,  पाथिभरा अस्पतालमा ६ र

समर्पित अस्पतालमा ११ गरी जम्मा २३ आईसोलेशन स्थापना गरिएका छन् । जिल्लामा एक नगरपालिका र सात गाउँपालिकाले १९ स्थानमा २ सय ४ ओटा क्वारेन्टाइन स्थापना गरेका छन् । जिल्लाका सवै स्थानीय तहमा एम्बुलेन्स लगायतका सवारी साधन तयारी अवस्थामा राखिएका छन् ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार जिल्लामा वैशाख ११ गतेसम्म गरिएको कोरोना भाइरसको र्‍यापिड डाइग्नोस्टिक टेष्ट (आरडिटि) मा सबैको रिपोर्ट नेगेटिभ' आएको छ । गत चैतयता विभिन्न देशबाट घर फर्किएपछि क्वारेन्टीन र होम क्वारेन्टीनमा राखिएका व्यक्तिहरूको र्‍यापिड डाइग्नोस्टिक टेष्ट रिपोर्ट 'नेगेटिभ' आएको हो । वैशाख १० गते मात्र साकेला गाउँपालिकाका १५ जनाको आरडीटी गरिएकोमा सवैको रिपोर्ट नेगेटिभ आएको छ । हलेसी तुवाचुङ नगरपालिकाका २३ जना, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका चार जना, केपीलासगढी गाउँपालिकाका पाँच जना, ऐसेलुखर्क गाउँपालिकाका पाँच जनामा टेष्ट गरिएकोमा सवैको रिपोर्ट नेगेटिभ आएको थियो । दिप्रुङ चुईचुम्मा गाउँपालिकाका आठ जना, खोटेहाङ गाउँपालिकाका २६ जना, जन्तेढुंगा गाउँपालिकाका २० जना र बराहपोखरी गाउँपालिकाका एक जनाको र्‍यापिड डाइग्नोस्टिक टेष्ट रिपोर्ट 'नेगेटिभ' आएको थियो । रिपोर्ट 'नेगेटिभ' देखिए पनि १० प्रतिशतको नमूना संकलन गरेर परीक्षणका लागि विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाउने व्यवस्था मिलाइएको छ ।
हलेसी तुवाचुङ नगरपालिकाबाट पीसीआर टेष्टका लागि पठाइएको रिपोर्ट पनि 'नेगेटिभ' आएको छ । आरडिटि टेष्टसँगै पिसिआर टेष्टका लागि पठाइएको पाँच जनाको नमूनाको रिपोर्ट नेगेटिभ आएको नगरपालिकाका स्वास्थ्य सह-संयोजक प्रकाश घिमिरेले बताउनुभयो ।
हलेसी तुवाचुङ नगरपालिकाले लकडाउनका कारण समस्यामा परेका नगरवासीलाई काठमाण्डौंबाट ओसार्न थालेको छ । वैशाख १० गते काठमाण्डौंबाट १२ ओटा बसमार्फत पठाइएका ५ सय ८६ सर्वसाधारण वैशाख ११ खोटाङ आइपुगेको हलेसी तुवाचुङ नगरपालिकाका मेयर इवन राईले बताउनुभयो । काठमाण्डौंबाट नगरपालिका प्रवेश गर्ने सर्वसाधारणलाई जयरामघाटमा स्वास्थ्य परीक्षणसँगै १४ दिनसम्म होम क्वारेन्टाइन वा नगरपालिकाले तोकेको क्वारेन्टानमा बस्ने लगायतका १० बुँदे कबुलियतनामा गराइरहेको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार जिल्लामा वैशाख ११ गते १५ जनाको स्वाब परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
गौरीगञ्ज गाउँपालिका**ले** स्वास्थ्य शाखाका कर्मचारीहरूको सेवा सुविधा दोब्बर बनाएको छ । स्वास्थ्य शाखाका कर्मचारीको सेवा सुविधा दोब्बर बनाएर स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन गर्दै चौविस घण्टे सेवालाई व्यवस्थित गरेको गाउँपालिकाले जनाएको छ । गौरीगञ्ज गाउँपालिकाको लगभग चौविस किलोमिटर जमिन भारतसँग खुल्ला सिमानाको रूपमा जोडिएको छ । भारतबाट नेपाल भित्रन् सक्ने कुरालाई मध्यनजर गर्दै सीमा सुरक्षा संयन्त्र बढाएको गाउँपालिकाले चौविसै घण्टा स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ ।
काँकरभिट्टा नाकामा डिसइन्फेक्सन टनेल जडान गरिएको छ । मेची अभियानको संयोजनमा मेचीनगर–६ काँकरभिट्टाका आधा दर्जन सहकारी संस्थाले संयुक्त रूपमा लगानी गरेर टनेल इलाका प्रहरी कार्यालय काँकरभिट्टालाई उपलब्ध गराएपछि इलाका प्रहरी कार्यालय काँकरभिट्टा परिसरमा जडान गरिएको हो ।
बन्दाबन्दीको अवज्ञा गर्दै पूर्वी नाकाबाट भारततिर जाने र स्थानीयवासीलाई त्रसित बनाउँदै जथाभावी हिँड्ने लागुऔषध प्रयोगकर्तालाई मेचीनगर नगरपालिकाको पहलमा प्रहरीले क्वारेन्टाइनमा राख्न

थालेको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख कृष्ण कोइरालाले बताउनुभयो । क्वारेन्टाइनमा राखिएका त्यस्ता व्यक्तिलाई लागुऔषधको कुलतबाट छुटकारा दिलाउन उपचारको विधिसमेत प्रयोग गरिने उहाँले जानकारी दिनुभयो । मेचीनगर-८ स्थित इँटाभट्टामा रहेको आदर्श माध्यमिक विद्यालयलाई विशेष क्वारेन्टाइन बनाइ उनीहरुलाई वैशाख १० गतेदेखि उपचार गर्न थालिएको मेचीनगर नगरपालिकाका उपप्रमुख मीना उप्रेतीले बताउनुभयो ।

लकडाउनका बखत दैनिक उपभोग्य वस्तुसहित अत्यावश्यक खाद्य वस्तु र सागसब्जी हरियो तरकारी मेची उद्योग बाणिज्य सङ्घ मेचीनगर हरेक दिन नगरका १५ ओटै वडामा पुऱ्याउने गरेको छ ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**